कार्यविधि नं.

# हिमाली गाउँपालिकाको विद्यालय अनुदान सहयोग दरवन्दीमा नियुक्त हुने शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी कार्यविधि २०७५

श्री हिमाली गाउपालिका बाजुराको **विद्यालय अनुदान** सहयोग दरबन्दिमा नियुक्त

हुने शिक्षक तथा कर्मचारी छनौट गर्नका लागि

गाउकार्यपालिकाको मिति २०७५/०५/२२ को बैठकद्वारा स्वीकृत

## कार्यविधि

विद्यालय **अनुदान** सहयोग दरवन्दीमा **नियुक्त हुने शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी**

**कार्यविधि** २०७५

# विषयसूची


| | |
|---|---|
| **प्रस्तावना** | १ |
| **परिच्छेद : एक** | |
| प्रारम्भिक | १ |
| **परिच्छेद : दुई** | |
| अनुमति, विज्ञापन र दरखास्त संकलन | १ |
| **परिच्छेद : तीन** | |
| छनौट समिति सम्बन्धी व्यवस्था | ४ |
| **परिच्छेद : चार** | |
| दरखास्त फारामको छानबिन र उम्मेदवारको स्वीकृत नामावली प्रकाशन | ४ |
| **परिच्छेद : पाँच** | |
| पाठ्यक्रम, प्रश्न-पत्र निर्माण र उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था | ५ |
| **परिच्छेद : छ** | |
| लिखित परीक्षाको सञ्चालन | ७ |
| **परिच्छेद : सात** | |
| कोड (संकेत नम्बर) सम्बन्धी व्यवस्था | ८ |
| **परिच्छेद : आठ** | |
| लिखित परीक्षाको नतिजा प्रकाशन | ८ |
| **परिच्छेद : नौ** | |
| अन्तर्वार्ता सम्बन्धी व्यवस्था | ९ |
| **परिच्छेद : दश** | |
| अन्तिम नतिजा प्रकाशन तथा सिफारिश सम्बन्धी व्यवस्था | १० |
| **परिच्छेद : एघार** | |
| विविध | ११ |
| **अनुसूचीहरू** | |
| अनुसूची १ देखि १५ सम्म | I -XI |

## प्रस्तावना

बाजुरा जिल्लाको हिमाली गाउपालिका भित्र स्थापित विद्यालयहरुको शैक्षिक उपलब्धी वृद्धि गर्न गाउपालिकाबाट उपलब्ध गराइने शिक्षक तथा कर्मचारी अनुदान सहयोग दरवन्दीको विभिन्न तहमा शिक्षक तथा कर्मचारी नियुक्त गर्न हिमाली गाँउपालिकाको शिक्षा नियमावली, २०७४ को नियम ५४ले दिएको अधिकार प्रयोगगरी हिमाली गाउँकार्यसमितिको मिति २०७५।०८।०६ को बैठकले यो कार्यविधि संशोधन सहित पारित गरिएको ।

## परिच्छेद : एक
## प्रारम्भिक

◆

१. **सक्षिप्त नाम र प्रारम्भ :** (क) यो कार्यविधिको नामः हिमाली गाउँपालिकि **विद्यालय अनुदान सहयोग दरवन्दीमा नियुक्त हुने शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी कार्यविधि २०७५"** रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

७. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"ऐन"** भन्नाले हिमाली गाउपालिकाको शिक्षा ऐन २०७४ लाई सम्झनु पर्छ ।

(ख) **"नियमावली"** भन्नाले हिमाली गाउपालिकाको शिक्षा नियमावली २०७४ लाई सम्झनु पर्छ ।

(ग) **"अध्यक्ष"** भन्नाले **विद्यालय अनुदान सहयोग दरवन्दीमा नियुक्त हुने शिक्षक तथा कर्मचारी छनौट**समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) **"विशेषज्ञ"** भन्नाले **विद्यालय अनुदान सहयोग दरवन्दीमा नियुक्त हुने शिक्षक तथा कर्मचारी छनौट** गर्न सदस्यको रूपमा नियुक्त विषय विज्ञ व्यक्तिलाई सम्झनु पर्छ ।

(ङ) **"सदस्य"** भन्नाले **विद्यालय सहयोग अनुदानमा शिक्षक तथा कर्मचारी छनौट गर्ने प्रयोजनका लागि गठन भएको समितिका सदस्यलाई** सम्झनु पर्छ ।

(च) **"विद्यालय"** भन्नाले हिमाली गाउपालिका भित्र सञ्चालित विद्यालयहरुलाई सम्झनु पर्छ ।

(छ) **"विद्यालय व्यवस्थापन समिति भन्नाले हिमाली गाउपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुका विद्यालय व्यवस्थापन समिति**लाई सम्झनु पर्छ । यसलाई छोटकरीमा **विव्यस** भनिनेछ ।

(ज) **"सदस्य सचिव"** भन्नाले **विद्यालय अनुदान सहयोग दरबन्दीमा शिक्षक तथा कर्मचारी छनौट गर्ने प्रयोजनका लागि तोकियको समितिको सदस्यसचिव** सम्झनु पर्छ ।

## परिच्छेद : दुई
## अनुमति, विज्ञापन र दरखास्त संकलन

३. **अनुमति प्राप्त भएको हुनु पर्ने** : विद्यालयको रिक्त अनुदान सहयोग दरवन्दिमा शिक्षक तथा कर्मचारी भर्ना गर्नकालागि शिक्षक तथा कर्मचारी छनौट समितिले हिमाली गाउपालिका बाजुराबाट अनुमति प्राप्त भएको हुनुपर्नेछ ।

४. **विज्ञापन भएको हुनु पर्ने** : (क) विद्यालयको रिक्त अनुदान सहयोग दरवन्दिमा शिक्षक भर्ना गर्नका लागि कम्तिमा (पन्ध्र) दिनको समयावधि तोकि विज्ञापन प्रकाशन भएको हुनु पर्नेछ ।

(ख) उपदफा (क) अनुसार प्रकाशन भएको विज्ञापन हिमाली गाउपालिकाको कार्यालय धुलाचौरको सूचनापाटीमा र प्रत्येक वडाको वडा कार्यालयको सूचना पाटी टाँस भएको हुनु पर्नेछ ।

(ग) उपदफा (क) अनुसार प्रकाशन भएको विज्ञापनमा **अनुसूची १** मा उल्लेखित कुराहरू अनिवार्य उल्लेख भएको हुनु पर्नेछ ।

५. **दरखास्त संकलन भएको हुनु पर्ने** : (क) दफा ४ (क) अनुसार प्रकाशन भएको विज्ञापन अनुसार शिक्षक छनौट गर्नका लागि हिमाली गाउपालिकामा दरखास्त संकलन गर्ने व्यवस्था भएको हुनु पर्नेछ ।

(ख) उपदफा (क) अनुसार संकलन भएका दरखास्तमा **अनुसूची २** मा उल्लेखित कुराहरू लगायत अन्य कुराहरू उल्लेख भएको हुनु पर्नेछ ।

(ग) संकलित दरखास्तसाथ हिमाली गाउपालिकाको शिक्षा नियमावली, २०७४ अनुसारको आवश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपि, नागरिकता र स्थायी अध्यापन अनुमतिको प्रमाण-पत्रको प्रतिलिपि संलग्न भएको हुनु पर्नेछ ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनका लागि :

📖**अ. शिक्षकका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता भन्नाले :**

१. क) मा.वि. तह (९-१०) सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीण गरेको
ख) आधारभूत तह (६-८) सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीण गरेको
ग) आधारभूत तह (१-५) प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीण गरेको
घ) मा.वि.तह (११-१२) सम्बन्धित विषयमा स्नातकोत्त तह वा सो सरह उत्तीण गरेको

तर विज्ञान, गणित र अंग्रेजी विषयमा उक्त योग्यता भएको तर शिक्षण अध्यपन अनुमति पत्र भएको व्यक्तिको दरखास्त पर्न नआएमा सम्बन्धित तहमा सम्बन्धित योग्यता प्राप्त गरेको, अध्ययन अनुमति पत्र नभएपनि दरखास्ता दिन सक्ने छ ।

२. कुनै उम्मेदवारले मान्यताप्राप्त शिक्षणसंस्थाबाट उक्त तह भन्दा माथिल्लो तहमा शिक्षाशास्त्र विषयको अध्ययन गरेको रहेछ भने पनि न्युनतम शैक्षिक योग्यता पुरा भएको मानिनेछ ।

**आ. स्थायी अध्यापन अनुमति पत्र भन्नाले :**

१. शिक्षक सेवा आयोगबाट प्राप्त सम्बधित.तहमा अध्यापनका लागि प्राप्त गरेको स्थायी अध्यापन अनुमति पत्रलाई बुझाउँछ ।

२. कुनै उम्मेदवारले माथिल्लो तहमा अध्ययापन गर्नका लागि स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको भए पनि निजले स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको मानिनेछ ।

३. सहायक कर्मचारीको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा (१०+२) वा सो सरहको शैक्षिक योग्यता उत्तीर्ण गरेको नेपाली नागरिक हुनुपर्ने छ ।

📖४. कार्यालय सहयोगिका लागि साधारण लेखपढ गर्न सक्ने नागरिक हुनपर्ने छ ।

(घ) उपदफा (ग) बमोजिम दरखास्त साथ संलग्न प्रमाण-पत्रका प्रतिलिपिहरूमा उम्मेदवार आफैले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरेको हुनु पर्नेछ ।

## परिच्छेद : तीन
## छनौट समिति सम्बन्धी व्यवस्था

**६.१ हिमाली गाउपालिका अन्तर्गतका विद्यालयमा गाउपालिकाको आर्थिक सहयोग अनुदानमा शिक्षक तथा कर्मचारी छनौट गरि नियुक्ति गर्न देहायवमोजिमको समिति रहने छ :**

📖(क) हिमाली गाउपालिकाको प्रमुख प्रशाककीय अधिकृत वा निजले तोकेको व्यक्ति -संयोजक
ख) गाउँपालिकाको अध्यक्षले तोकेको विषय विज्ञ १ जना -सदस्य
ग) गाउँपालिकाको शिक्षा शाखा प्रमुख -सदस्य सचिव

२. शिक्षक छनौट समितिको सचिवालय हिमाली गाउपालिकाको कार्यालयमा रहनेछ ।

३. शिक्षक छनौट समितिको वैठक र आधारभूत तथा माध्यामिक तहमा शिक्षक नियुक्ति गर्नका लागि सम्बन्धित विषयको विज्ञ र अन्य आवश्यक जनशक्ति आमन्त्रितरुपमा वोलाउने कार्य समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद : चार
## दरखास्त फारामको छानबिन र उम्मेदवारको स्वीकृत नामावली प्रकाशन

७. **दरखास्त छानबिन गरी स्वीकृत/अस्वीकृतका लागि पेश गर्नु पर्ने** : (१) शिक्षक छनौट समितिद्वारा प्रकाशित विज्ञापनका लागि संकलन भएका दरखास्तहरू उपर देहायका कुराहरूको आधारमा छानबिन गरी स्वीकृत गर्नु पर्ने भए स्वीकृत र अस्वीकृत गर्नु पर्ने भए अस्वीकृत गर्नु पर्ने कारणहरू सहित **अनुसूची ३ क** को ढाँचामा दरखास्त स्वीकृति वा अस्वीकृतिका लागि सदस्यसचिवले समितिको बैठक समक्ष पेश गर्नु पर्नेछ :

(क) उम्मेदवारले दरखास्त फाराममा विज्ञापन नम्बर, पद, तह, श्रेणी, नाम, थर, ठेगाना र जन्म मिति खुलाएको छ, छैन,
(ख) विज्ञापनमा उल्लेख भए बमोजिम दरखास्त दस्तुर र आवश्यक कागजातहरू दरखास्त साथ संलग्न छ, छैन,
(ग) दरखास्त पेश गरेको पदको लागि शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) मा उल्लेख भए बमोजिम आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र तालिम पुगे, नपुगेको,
(घ) आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाण-पत्र वा लब्धाङ्क विवरणपत्र (ट्रान्सकृप्ट) वा लब्धाङ्कपत्रको प्रतिलिपि दरखास्त साथ संलग्न छ, छैन,
(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न छ, छैन,
(च) शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) मा उल्लेख भए बमोजिम स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि संलग्न छ, छैन,
(छ) दरखास्त फाराममा हालसालै खिचिएको फोटो टाँसिएको छ, छैन र उम्मेदवारले फोटो समेतमा पर्ने गरी दस्तखत गरेको छ, छैन,
(ज) दरखास्तमा उम्मेदवारले दस्तखत तथा ल्याप्चे सहीछाप गरेको छ, छैन,
(झ) निगोरिकताको प्रमाण पत्र छ छैन,
(ञ) ४० वर्ष उमेर ननागेको हुनुपर्ने ।

८. **उम्मेदवारको दरखास्त स्वीकृत वा अस्वीकृत गरिने** : (क) दफा ७ अनुसार स्वीकृति वा अस्वीकृतिका लागि पेश गरेका दरखास्त फारामहरूलाई समितिको वैठकबाट स्वीकृत गर्नु पर्ने भए स्वीकृत र अस्वीकृत गर्नु पर्ने भए अस्वीकृत गर्नु पर्नेछ ।

(ख) उपदफा (क) अनुसार दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको नामावली **अनुसूची ३ ख** को ढाँचामा तयार पारी लिखित परीक्षा सञ्चालन हुनु भन्दा १ दिन अगाडि गाउपालिककाको सुचनापाटीमा अध्यक्ष र सदस्यसचिवले संयुक्त दस्तखत गरी टाँस गर्नु पर्नेछ ।

(ग) उपदफा (ख) अनुसार दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको दरखास्त फाराम, फाराममा संलग्न कागजातहरू र दरखास्त दस्तुर कुनै पनि अवस्थामा फिर्ता गरिने छैन् ।

(घ) उपदफा (क) को सुचनामा नाम समावेश नभएका उम्मेदवारको दरखास्त अस्वीकृत भएको मानिनेछ । दरखास्त अस्वीकृत भएका उम्मेदवारले कुनै पनि परीक्षामा सहभागी हुन पाउने छैनन् ।

(ङ) दरखास्त अस्वीकृत भएका उम्मेदवारको दरखास्त साथ पेश गरेका कागजातहरू फिर्ता गरिनेछैन् । तर दरखास्त शुल्क भने फिर्ता गर्न सकिनेछ ।

९. **दरखास्त रद्द गर्न सकिने** : सदस्यसचिवले प्रकाशन गरेको स्वीकृत नामावलीमा उल्लेखित उम्मेदवारहरूले दर्ता गराएको दरखास्त फाराम र संलग्न गरेका कागजातहरूमा भएको दस्तखत, ल्याप्चे छाप उम्मेदवार आफैले नगरी अर्कैले किर्ते गरेको उजुरी परी छनौट समितिले सम्बन्धित उम्मेदवारलाई तत्काल दस्तखत, ल्याप्चे लगाउन लगाई दरखास्त फाराममा भएको दस्तखत र ल्याप्चे छापसँग भिडाउँदा मेल नखाएमा वा दरखास्त फाराम र संलग्न गरेका कागजातहरूमा भएको दस्तखत, ल्याप्चे छाप परीक्षामा प्रयोग हुने उत्तरपुस्तिका अनुसार नमिलेको अवस्थामा शिक्षक छनौट समितिको बैठकबाट निर्णय गरी त्यस्ता उम्मेदवारको दरखास्त शिक्षक छनौट समितिले रद्द गर्न सक्नेछ ।

१०. **दरखास्त रद्द गरिएका उम्मेदवारको नाम छनौट प्रक्रियाबाट हटाईने** : दफा ९ अनुसार दरखास्त रद्द गरिएका उम्मेदवारले लिखित र अन्तर्वाता परीक्षा दिईसकेको भए पनि निजले दरखास्त दर्ता नगरेको सरह मानी निजको नामावली छनौट प्रक्रियाबाट हटाईनेछ ।

## परिच्छेद : पाँच

## पाठ्यक्रम, प्रश्न-पत्र निर्माण र उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था

११. **लिखित परीक्षाको पाठ्यक्रम** : शिक्षक छनौट समितिद्वारा प्रकाशित विज्ञापन अनुसारको शिक्षक तथा कर्मचारी छनौट गर्नका लागि सञ्चालन हुने लिखित परीक्षामा सहभागी उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराउनका लागि तपशिल अनुसारको पाठ्यक्रम र पूर्णाङ्क निधारण गरिने छ ।

१७. **लिखित परीक्षाको पुर्णाङ्क** : (क) लिखित परीक्षाको पूर्णाङ्क १०० हुनेछ ।

(ख) १०० पूर्णाङ्कको लिखित परीक्षालाई ४० पूर्णाङ्कको बस्तुगत र ६० पूर्णाङ्कको विषयगत गरी २ भागमा बाँडिनेछ ।

१३. **बस्तुगत प्रश्न** : (क) बस्तुगत प्रश्नहरू ४० वटा हुनेछन् ।

(ख) प्रत्येक बस्तुगत प्रश्नहरूको अंकभार १ का दरले ४० वटा प्रश्नहरूको कूल अंकभार ४० हुनेछ ।

(ग) बस्तुगत प्रश्नपत्रको नमूना **अनुसूची ४** बमोजिम हुनेछ ।

१४. **विषयगत प्रश्नपत्र** : (क) विषयगत प्रश्नहरू सम्बन्धित तहको पाठ्यक्रम, शिक्षण विधि एवम् प्रविधि र विषयवस्तुसंग सम्बन्धित प्रश्नहरु सोधिनेछन् ।

(ख) सम्बन्धित विषयसँग सम्बन्धित प्रश्नहरूलाई खण्ड (ख) मा १० अंकभारका ६ वटा प्रश्नहरु सोधिने छन् ।

(ग) विषयगत प्रश्नपत्रको नमूना **अनुसूची ५** बमोजिम हुनेछ ।

(घ) सहायक कर्मचारीको लिखित परीक्षा १०० अंकभारको हुनेछ जसमध्ये शिक्षा,सस्कृति, सामाजिक, राजनीति, विज्ञान प्रविधि पर्यावरण तथा वातावरण र समसामयिक विषयसंग सम्बन्धित प्रत्येक बस्तुगत प्रश्नहरूको अंकभार १ का दरले ४० वटा प्रश्नहरूको कूल अंकभार ४० र १० अंकभारका ६ वटा प्रश्नको अंकभार जम्मा ६० रहने छ ।

१५. **प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण गर्ने जिम्मेवारी** : 📖(क) प्रश्नपत्रको निर्माण र उत्तरपुस्तिकाको परीक्षण गर्ने, गराउने कामको जिम्मेवारी परीक्षा समितिको हुनेछ ।

(ख) उपदफा (क) अनुसार प्रश्नपत्र निर्माणको काम विशेषज्ञ वा तत्काल तोकिएको व्यक्तिहरूलाई बेग्लाबेग्लै वा संयुक्त रूपमा गर्ने गरी तोक्न सकिनेछ । बेग्लाबेग्लै रूपमा गर्ने गरी तोकेको अवस्थामा अध्यक्षले चिट्ठा वा अन्य उपयुक्त माध्यमबाट लिखित परीक्षाका लागि अन्तिम प्रश्नहरू छनौट गर्ने काम गर्नेछ ।

(ग) उपदफा (ख) अनुसार अन्तिम निर्माण गरिएका प्रश्नहरू (कम्प्युटर प्रिन्ट कपी वा हस्तलिखित कपी) बाहेक अन्य खेस्रा गरिएका कागजहरू तत्कालै यथास्थानमै नष्ट गर्नुपर्नेछ । यिनीहरूको प्रतिलिपि कसैले पनि राख्न पाउनेछैन् ।

(घ) उपदफा (क) बमोजिम प्रश्नपत्रको निर्माण गर्ने र उत्तरपुस्तिकाको परीक्षण गर्ने जिम्मेवारी पाएका विशेषज्ञहरू/शिक्षकहरूले प्रश्नपत्रको निमार्ण कार्य गर्नु पूर्व वा निर्माण कार्य गर्दा गोप्यता भंग गरेको वा समितिको निर्देशन पालना नगरेको पाईएमा शिक्षा नियमावली, सजाय सम्बन्धी व्यवस्थामा उल्लेखित हदै सम्मको सजायका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

१६. **प्रश्नपत्र निर्माण गर्ने समय** : प्रश्नपत्र निमार्ण गर्ने काम परीक्षा सञ्चालन गर्नुभन्दा १५ मिनेट पहिले सम्पन्न गरिने छ ।

१७. **प्रश्नपत्रको प्रकाशन** : (क) विशेषज्ञ सदस्य वा तोकेको व्यक्तिहरूले निर्माण गरेका प्रश्नहरूको अन्तिम रूप दिने काम विशेषज्ञ वा तोकेका व्यक्तिहरूले संयुक्त रूपमा गर्नु पर्नेछ ।

📖प्रथम पटक संशोधन गरिएको

(ख) उपदफा (क) अनुसार अन्तिम रूप दिईएको प्रश्नहरूलाई उम्मेदवार संख्याको थप ३ (तीन) प्रति संख्यामा प्रकाशन गर्ने काम कार्बन पेपरको सहायताबाट उतारेर वा कम्प्युटर टाईप गरी प्रिन्ट गरेर समितिले तोकेको व्यक्तिले गोप्य रूपमा गर्नु पर्नेछ।

१८. **उत्तरसूची उपलब्ध गराउनु पर्ने** : प्रश्नपत्र निर्माण गर्ने व्यक्तिहरूले परीक्षा सञ्चालन भएको ३० मीनेट पछि गोप्य रूपमा बस्तुगत प्रश्नहरूको सही उत्तरसूची र विषयगत प्रश्नहरूको बुँदागत उत्तरसुची तयार पारी परीक्षाको समाप्ति लगत्तै परीक्षणका लागि समिति मार्फत परीक्षणकर्ताहरूलाई उपलब्ध गराउनु पर्नेछ।

१९. **उत्तरपुस्तिका परीक्षणका लागि उपलब्ध गराईने** : (क) लिखित परीक्षाको समाप्ति लगत्तै उत्तरपुस्तिकाहरूमा कोड (संकेत नम्बर) राखी परीक्षणका लागि विशेषज्ञहरूलाई उपलब्ध गराईनेछ।

(ख) उपदफा (क) बमोजिम आफूलाई उपलब्ध गराईएको उत्तरपुस्तिका परीक्षण गरी सके पश्चात उत्तरपुस्तिका परीक्षण गर्ने विशेषज्ञहरूले उम्मेदवारहरूले प्राप्त गरेको प्राप्तांक उल्लेख गरी समितिले तोकेको अन्य पदाधिकारीलाई उपलब्ध गराउनु पर्नेछ।

**स्पष्टीकरण :** यस उपदफा प्रयोजनको लागि अन्य पदाधिकारी भन्नाले उत्तरपुस्तिका परीक्षण गर्ने बाहेक समितिले तोकेको अन्य पदाधिकारीलाई बुझ्फाउँछ।

२०. **बस्तुगत उत्तरपुस्तिका परीक्षण सम्बन्धी विशेष व्यवस्था** : उत्तरपुस्तिका परीक्षण सम्बन्धमा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुराहरू उल्लेख गरिएतापनि बस्तुगत उत्तरपुस्तिकाहरू प्रश्नपत्र निर्माणकर्ताले उपलब्ध गराएको उत्तरसूचीहरूका आधारमा समितिका जुनसुकै पदाधिकारीहरूले समेत परीक्षण र रूजु गर्न सक्ने गरी समितिले तोक्न सक्नेछ।

## परिच्छेद : छ
## लिखित परीक्षाको सञ्चालन

२१. **लिखित परीक्षाको सञ्चालन** : (क) विज्ञापनमा उल्लेखित पछिल्लो पटक सूचना प्रकाशन गरी जानकारी गराएको मिति, स्थान र समयमा लिखित परीक्षाको सञ्चालन गरिनेछ ।

(ख) लिखित परीक्षाको बस्तुगत प्रश्नपत्रको समय ४५ मीनेट र विषयगत प्रश्नहरूको समय २ घण्टा १५ मीनेट गरी लिखित परीक्षाको जम्मा समय ३ (तीन) घण्टाको हुनेछ ।

(ग) लिखित परीक्षामा अध्यक्षले केन्द्राध्यक्षको रूपमा काम गर्नेछन् भने विद्यालय निरीक्षक वा शिक्षा शाखा प्रमुखले निरीक्षकको रूपमा काम गर्नेछन् ।

(घ) लिखित परीक्षा चलिरहेको स्थानमा केन्द्राध्यक्ष, निरीक्षक र परीक्षार्थी उम्मेदवारहरू बाहेक अरू कसैले प्रवेश गर्न पाउने छैन् ।

२२. **उत्तरपुस्तिका सम्बन्धी व्यवस्था** : (क) विषयगत परीक्षाको मूल उत्तरपुस्तिकाको आवरण पृष्ठ **अनुसूची ६** मा उल्लेख भएबमोजिम हुनेछ ।

(ख) बस्तुगत उत्तरपुस्तिकाको नमुना **अनुसूची २** मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) विषयगत परीक्षाको उत्तरपुस्तिका आवरण पृष्ठ बाहेक **आठ** (दुवै तर्फ गरी) पृष्ठको हुनेछ ।

(घ) विषयगत परीक्षाको मूल उत्तरपुस्तिका नपुग भएको अवस्थामा उम्मेदवारलाई थप उत्तरपुस्तिका (हरु) उपलब्ध गराईनेछ । थप उत्तरपुस्तिको पहिलो पृष्ठको नमुना **अनुसूची ६ क** मा उल्लेख भए बमोजिम भई **४ पृष्ठ** (दुवै तर्फ सुरु पृष्ठ देखि) को हुनेछ ।

२३. **परीक्षा केन्द्रमा प्रवेश गर्ने** : (क) उम्मेदवारहरू परीक्षा शुरू हुने समय भन्दा १५ मीनेट अगाडि परीक्षा केन्द्रमा प्रवेश गरी सक्नु पर्नेछ । परीक्षा शुरू भएको ४० मिनेट पछि परीक्षा केन्द्रमा प्रवेश गर्न दिइने छैन् ।

(ख) परीक्षा सञ्चालन भएको १ घण्टा अवधि व्यतीत भएपछि मात्र परीक्षा छाडी जान चाहने परीक्षार्थी उम्मेदवारहरूलाई परीक्षा भवन बाहिर जान अनुमति दिनु पर्नेछ ।

२४. **परीक्षामा अनियमित काम गर्ने उपर कारबाही** : (क) कुनै परीक्षार्थी उम्मेदवारले परीक्षा भवनमा अनियमितता गरे/गराएको पाईएमा केन्द्राध्यक्षले तत्काल त्यस्तो परीक्षार्थी उम्मेदवारलाई परीक्षा भवनबाट निष्काशन गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम केन्द्राध्यक्षले कुनै परीक्षार्थी उम्मेदवारलाई निष्काशन गरेकोमा त्यसरी निष्काशन गर्नु परेको कारण उल्लेख गरी समिति समक्ष लिखित जानकारी दिनु पर्नेछ ।

(ग) दफा (क) बमोजिम निष्काशन गरिएको परीक्षार्थी उम्मेदवारको दरखास्त स्वत: रद्द भएको सरह मानी निजलाई छनौट प्रक्रियाबाट हटाईनेछ ।

२५. **पुन: लिखित परीक्षा सञ्चालन नगरिने** : (क) समितिले सञ्चालन गरेको लिखित परीक्षामा कुनै पनि उम्मेदवारले न्युनतम ३५ अंक प्राप्त नगरेमा पुन: परीक्षा सञ्चालन गरिने छैन् ।

(ख) परीक्षामा अनुपस्थित वा परीक्षाबाट निष्काशन गरिएको उम्मेदवारका लागि पनि पुन: परीक्षा सञ्चालन गरिने छैन् ।

## परिच्छेद : सात
## कोड (संकेत नम्बर) सम्बन्धी व्यवस्था

२६. **उत्तरपुस्तिकामा कोड (संकेत नम्बर) राख्ने :** (क) लिखित परीक्षाका उत्तरपुस्तिकाहरूमा अनिवार्य रूपमा संकेत नम्बर राख्नु पर्नेछ।

(ख) उत्तरपुस्तिकाहरूमा कोड (संकेत नम्बर) राख्ने जिम्मेवारी र तरीका देहाय बमोजिम हुनेछ :-

(अ) लिखित परीक्षा सकिए लगत्तै विशेषज्ञ बाहेक अन्य पदाधिकारी मध्ये समितिले तोकेको व्यक्तिले उत्तरपुस्तिकामा कोड (संकेत नम्बर) राख्नेछ।

(आ) उत्तरपुस्तिकाहरूमा कोड (संकेत नम्बर) राख्दा उत्तरपुस्तिकाहरूलाई तलमाथि पारी छ्यासमिस गरी राख्नु पर्नेछ।

(इ) कोड (संकेत नम्बर) राखेपछि उम्मेदवारको नाम, थर, रोल नम्बर, विषय, मिति आदि उल्लेख भएको अर्धकट्टीहरू च्यातेर कोड नम्बर राख्ने व्यक्तिले उत्तरपुस्तिका परीक्षणको काम पूर्ण रूपमा नसकिए सम्म अरू कसैलाई नदेखाई गोप्य रूपमा आफुसाथ राख्नु पर्नेछ।

## परिच्छेद : आठ
## लिखित परीक्षाको नतिजा प्रकाशन

२७. **लिखित परीक्षाको नतीजा प्रकाशन :** (क) दफा १९ को उपदफा (ख) अनुसार प्राप्तांक सहित प्राप्त भएका उत्तरपुस्तिकाहरूमा उल्लेखित कोड नं. र आफुसाथ भएको कोड (संकेत नम्बर) को अर्धकट्टीहरू भिडाई **अनुसूची ८** को डिकोड फारामको ढाँचामा प्रत्येक उम्मेदवारहरूको प्राप्तांक चढाउनु पर्नेछ। यसरी तयार पारेको डिकोड फाराममा उल्लेखित प्राप्तांक अध्यक्षबाट प्रमाणित गराउनु पर्नेछ।

(ख) उपदफा (क) अनुसार आफूसमक्ष प्राप्त भएको नतीजालाई अध्यक्षले रूजु गरी संशोधन हुने भए संशोधन सहित र संशोधन नहुने भए जस्ताको त्यस्तै प्रमाणित गर्नु पर्नेछ।

(ग) उपदफा (ख) अनुसार प्रमाणित गरिएको डिकोड फारामका आधारमा सदस्यसचिव वा अध्यक्ष वा दुवैले दस्तखत गरी न्युनतम उत्तीर्णाङ्क सहित सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम( २५प्रतिशत थप नाम सहित) बर्णानुक्रमानुसार उल्लेख गरी अन्तर्वार्ताका लागि सूचना प्रकाशन गर्न **अनुसूची ९** बमोजिमको ढाँचामा अन्तर्वार्ता सञ्चालन हुने मिति, समय र स्थान तोकी सदस्यसचिवले सूचना तयार गरी आफैले वा अध्यक्षद्वारा वा दुवैद्वारा दस्तखत गरी परीक्षा केन्द्रको सुचनापाटीमा सुचना टाँस गर्नु पर्नेछ।

(घ) उत्तरपुस्तिकाहरूमा उल्लेखित प्राप्तांकलाई डिकोड फाराममा उल्लेख गर्दा कसैले पनि न्युनतम् उत्तीर्णाङ्क (वस्तुगत र विषयगत दुवै गरी ४० अंक) प्राप्त नगरेको पाईएमा पुन: रितपूर्वकको विज्ञापन प्रकाशन गर्नका लागि समितिलाई सिफारिस गरिनेछ।

(ङ) उपदफा (घ) अनुसार सिफारिस भई पुन: विज्ञापन भएको अवस्थामा परीक्षा सञ्चालन देखि सिफारिस सम्मका पुन : सञ्चालन गर्नु पर्ने कामहरू यसै कार्यविधि बमोजिम सञ्चालन गरिनेछन्।

## परिच्छेद : नौ
## अन्तर्वार्ता सम्बन्धी व्यवस्था

२८. **अन्तर्वार्ता सञ्चालन हुने समय** : (क) दफा २२ (ग) अनुसार लिखित परीक्षाको नतीजा प्रकाशित हुँदा तोकिएको मिति, समय र स्थानमा सफल भएका उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन हुनेछ ।

(ख) लिखित परीक्षाको नतीजा प्रकाशन गर्दा तोकिएको मिति पूर्व नै अन्तर्वार्ता सञ्चालन गरी पाउँ भनी लिखित परीक्षामा सफल भई अन्तर्वार्ताका लागि छनौट भएका सम्पूर्ण उम्मेदवारहरूले संयुक्त रूपमा लिखित निवेदन दिएमा शिक्षक छनौट समितिले अन्तर्वार्ताको मिति, समय र स्थानमा हेरफेर गर्न सक्नेछ ।

(ग) कुनै विशेष परिस्थिति सिर्जना भएको अवस्थामा शिक्षक छनौट समितिले अन्तर्वार्ताको मिति, समय र स्थानमा हेरफेर गर्न सक्नेछ ।

२९. **अन्तर्वार्ता समिति** : (क) लिखित परीक्षामा सफल उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन गर्नका लागि समितिले एउटा अन्तर्वार्ता समिति गठन गर्नेछ । यसरी गठन हुने अन्तर्वार्ता समितिमा कम्तिमा ३ जना र अधिकतम ५ जना सदस्य रहनेछन् ।

(ख) अन्तर्वार्ता समितिमा शिक्षक छनौट समितिका अध्यक्ष, सदस्यहरू र सदस्य सचिव बाहेक अन्य व्यक्तिहरू रहन पाउनेछैन् ।

३०. **अन्तर्वार्ताको पुर्णाङ्क** : (क) अन्तर्वार्ताको कूल पूर्णाङ्क २५ हुनेछ ।

३१. **अन्तर्वार्ताको अंक प्रदान** : क) उम्मेदवारहरूलाई अन्तर्वार्ताको अंक प्रदान गर्नका लागि **अनुसूची १०** बमोजिमको अन्तर्वार्ता फारामको प्रयोग गरिनेछ ।

📖ख) आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा समेत लिन सकिने छ ।



📖प्रथम पटक संशोधन गरिएको

## परिच्छेद : दश
## अन्तिम नतिजा प्रकाशन तथा सिफारिश सम्बन्धी व्यवस्था

३२. **योग्यताक्रम सूची तयार गर्ने** : (क) अन्तर्वार्ता परीक्षाको प्रक्रिया समाप्त भए लगत्तै देहायमा उल्लिखित उम्मेदवारहरूले प्राप्त गरेको प्राप्तांक जोडी **अनुसूची ११** बमोजिमको फाराममा योग्यताक्रम सूची तयार गर्नु पर्नेछ :-

(अ) लिखित परीक्षाको प्राप्तांक,

(आ) अन्तर्वार्ताको औषत प्रातांक र

(ई) शैक्षिक योग्यताबापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भएको भए ३ अंक, द्बितीय श्रेणीको भए २ अंक र तृतीय श्रेणीको भए १ अंकका दरले बढीमा ३ अंक ।

३३. **सफल उम्मेदवारको नामावली प्रकाशन** : (क) लिखित परीक्षा, अन्तर्वार्ता परीक्षा र शैक्षिक योग्यता बापतको प्राप्तांक जोडी सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई सफल र सो भन्दा पछिल्लो कम अंक प्राप्त गर्ने उम्मेदवारलाई बैकल्पिक उम्मेदवारको रूपमा उल्लेख गरी सिफारिस सुचना प्रकाशन गर्न समितिले तोकेको व्यक्तिले **अनुसूची १७** बमोजिमको ढाँचामा सिफारिस सूचना तयार गर्नु पर्नेछ ।

(ख) उपदफा (क) अनुसार सिफारिस सूचना तयार गर्दा उम्मेदवारहरूले प्राप्त गरेको प्राप्तांक गोप्य राख्नु पर्नेछ ।

(ग) उपदफा (क) अनुसारको सिफारिस सुचना सदस्यसचिव वा अध्यक्ष वा दुवैले दस्तखत गरी प्रकाशन गर्नुपर्नेछ ।

(घ) उपदफा (ग) अनुसार प्रकाशित सिफारिस सूचनामा सफल उम्मेदवार भनी नाम उल्लेख भएका उम्मेदवारलाई निजले निवेदन दिएको ७ दिन भित्र नियुक्ति दिइ विद्यालयमा हाजिर गराई विव्यसको निर्णयानुसार विद्यालयले अभिलेखिकरणका लागि तपशिलका कागजात सहित हिमाली गाउपालिका, शिक्षा शाखा बाजुरामा लिखित जानकारी सहित पठाउनु पर्नेछ ।

**आवश्यक कागजातहरू :**

१. शिक्षक छनौट समितिको सिफारिस पत्र र सिफारिस सम्बन्धी निर्णयको प्रतिलिपी १ प्रति
७. शिक्षक नियुक्ति गर्ने गाउपालिकाकोको निर्णयको प्रतिलिपी १ प्रति
३. सफल उम्मेदवारको नेपाली नागरिकताको प्रतिलिपी १ प्रति
४. सफल उम्मेदवारको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ प्रति
५. सफल उम्मेदवारको न्युनतम शैक्षिक योग्यता र तालिम सम्बन्धी प्रमाण पत्रका प्रतिलिपिहरू
६. शिक्षा नियमावली, बमोजिमको निरोगिताको प्रतिलिपि १ प्रति
७. नियुक्ति अभिलेखीकरणका लागि समितिले हिमाली गाउपालिका बाजुरालाई लेखेको पत्र

## कपरिच्छेद : एघार
## विविध

**३४. कागजातहरू गोप्य राख्नु पर्ने :** (क) शिक्षक छनौटका लागि हिमाली गाउँपालिकाका बाजुराको अनुमति पत्रको प्रतिलिपि, विज्ञापनको प्रतिलिपि, विज्ञापनसँग सम्बन्धित विषयमा प्रकाशन गरेका सूचनाहरू, लिखित परीक्षाका प्रश्न, परीक्षण गरिएका उत्तरपुस्तिका, कोड नम्बरका अर्धकट्टी, अन्तर्वार्ता परीक्षासँग सम्बन्धित कागजातहरू र शिक्षक छनौट सम्बन्धी कार्यविधिको एक प्रति नत्थी भएको **अनुसूची १३** बमोजिमको फायलपञ्जिका तयार पारी परीक्षाको मितिले ६ महिना सम्म गोप्य रूपमा खामबन्दी गरी राख्नु पर्नेछ । बन्दी खामको बाहिरपट्टी समितिका पदाधिकारीको दस्तखत गर्नु पर्नेछ ।

(ख) उपदफा (क) अनुसारका कागजातहरू गोप्य रूपमा सुरक्षित राख्ने काम गाउपालिकाले गर्नु पर्नेछ ।

(ग) उपदफा (क) अनुसारका कागजातहरू हिमाली गाउपमलिका बाजुराले माग गरेमा गोप्य रूप मै उपलब्ध गराउनु पर्नेछ ।

**३५. गोप्य कागजातहरूको प्रतिलिपि राख्न सकिने :** (क) सदस्य सचिवले परीक्षासँग सम्बन्धित उत्तरपुस्तिका बाहेकका अन्य केही वा सम्पूर्ण कागजातहरूको प्रतिलिपिहरू तयार पारी गोप्य रूपमा राख्न सक्नेछ ।

**३६. निर्देशन पालना गर्नु पर्ने :** यस कार्यविधि अनुसार कार्य सञ्चालन गर्दा समितिका पदाधिकारीहरूबीच मत बाँझिएर हिमाली गाउपालिका बाजुरामा राय माग गरिएको अवस्थामा वा प्रचलित शिक्षासँग सम्बन्धित ऐन नियमहरू संशोधन वा खारेज भई शिक्षक भर्ना प्रक्रियामा संशोधन भई ती विषयहरूमा हिमाली गाउपालिका बाजुराबाट लिखित निर्देशन प्राप्त भएमा त्यसरी प्राप्त भएका निर्देशनहरूको छनौट समितिले पालना गर्नु पर्नेछ ।

**३७. जानकारी माग गर्नु पर्ने :** शिक्षक छनौट समितिले आफूलाई जानकारी नभएको विषयमा हिमाली गाउपालिका बाजुराबाट लिखित रूपमा जानकारी माग गर्नु पर्नेछ । तत्काल लिखित जानकारी हासिल गर्न सम्भव नभएको अवस्थामा फोन सम्पर्क गरी प्राप्त भएको मौखिक निर्देशनका आधारमा समेत बाँकी काम अगाडी बढाउने वा नबढाउने निर्णय गर्न सकिनेछ ।

**३८. उम्मेदवारको हाजिरी :** लिखित र अन्तर्वार्ता परीक्षामा सहभागी भएका उम्मेदवारहरूको हाजिरी क्रमशः **अनुसूची १४** र **अनुसूची १५** बमोजिमको फाराम अनुसार राख्नु पर्नेछ ।

**३९. सुरक्षा सम्बन्धी व्यवस्था :** शिक्षक छनौट समितिले सञ्चालन गर्ने लिखित र अन्तर्वार्ता परीक्षाताका सुरक्षा आवश्यक ठानेमा नजीकको प्रहरी चौकीबाट सुरक्षा माग गर्न सकिनेछ ।

**४०. बाझिएमा गर्ने :** यस कार्यविधिमा उल्लेख भएका कुराहरू प्रचलित शिक्षा ऐन तथा नियमावलीसँग बाझिएमा ऐन तथा नियमावली अनुसार नै हुनेछ ।

**४१. विशेषज्ञको सेवा लिन सक्ने :** समितिले प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, कम्प्युटर टाईप जस्ताका कार्यका लागि दक्ष र योग्यता प्राप्त व्यक्तिहरुलाई विशेषज्ञको रुपमा प्रयोग गर्न सक्नेछ ।

**४२. परीक्षा र विज्ञापन रद्द गर्न सक्ने :** (क) परीक्षा सञ्चालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडी भएमा, कुनै बाधा अवरोध खडा भएमा वा परीक्षा सञ्चालन हुन नसकेमा समितिले कारण जनाई परीक्षा रद्द गर्न सक्नेछ ।

(ख) विज्ञापनमा तोकिएको शर्त पुरा नभएका उम्मेदवारहरूले परीक्षा दिएको कुरा परीक्षा सञ्चालन पश्चात मात्र थाहा हुन आएमा वा कुनै उम्मेदवारले आफूले विज्ञापनमा उल्लेखित प्रावधानहरू पुरा नगरेको अवस्थामा पनि पुरा गरेको भनी डरधम्कीका आडमा विद्यालयमा दरखास्त दर्ता गराएको भई

डरधम्कीकै कारण वा भूलबस निजको दरखास्त स्वीकृत भई परीक्षामा निज उम्मेदवारले लिखित परीक्षा दिई सकेको भए पनि निजको परीक्षा रद्द हुनेछ ।

(ग) कुनै उम्मेदवारले परीक्षा दिंदा उत्तरपुस्तिकाको नामथर, ठेगाना जस्ता कुराहरु लेख्नु पर्ने स्थान देखि बाहेक उत्तरपुस्तिकाहरुको अन्य पृष्ठहरुमा आफूलाई चिनिने नाम वा नामको छोटकरी रुप वा फोन नम्बर वा आफूलाई चिनिने कुनै संकेत गरेको पाईएमा उत्तरपुस्तिका परीक्षणकर्ताले तत्काल निजको उत्तरपुस्तिकाको परीक्षण कार्य रोकी समिति समक्ष जानकारी गराउनु पर्नेछ ।

(घ) उपदफा (ग) अनुसार जानकारी प्राप्त हुन आएमा समितिले छानविन गरी संकेत हो भन्ने लागेमा त्यस्तो उत्तरपुस्तिका परीक्षण नगरी सर्वसम्मतबाट रद्द गर्ने निर्णय गर्नुपर्नेछ । यस उपदफा बमोजिम कसैको उत्तरपुस्तिका रद्द भएमा निजले जतिसुकै प्राप्तांक प्राप्त गरेको भए पनि निजको दरखास्त फाराम रद्द भए सरह मानी प्रतियोगिताबाट हटाईनेछ ।

(ङ) शिक्षक छनौट समितिले हिमाली गाउपालिका बाजुराबाट प्राप्त शिक्षक भर्ना सम्बन्धी अनुमतिको विपरित हुने गरी विज्ञापन प्रकाशन गरेको, प्रकाशित विज्ञापन हिमाली गाउँपालिकामा बाजुरामा टाँस गर्नका लागि नपठाएको पाईएमा समितिले प्रकाशित विज्ञापन रद्द गरी पुर्न रीतपूर्वको विज्ञापन गर्न सिफारिस गर्न सक्नेछ ।

(च) उपदफा (ङ) बमोजिम विज्ञापन रद्द भएमा वा पुनः प्रकाशन भएमा दरखास्त संकलन देखि सिफारिस सम्मका कामकार्बाहीहरु यसै कार्यविधि बमोजिम सम्पन्न गरिनेछन् ।

**४३. बचाउ :** (क) यस कार्यविधि अनुसार शिक्षक छनौट समितिका अध्यक्ष, सदस्यहरू र सदस्यसचिव तथा शिक्षक छनौट समितिले तोकेका व्यक्तिहरूले सम्पन्न गरिसकेको काम छानबिनबाट कार्यविधि अनुसार नै गरेको भएमा प्रचलित ऐन तथा नियमावलीसँग बाँझिएको रहेछ भने पनि नियम पूर्वक भएको मानिनेछ ।

(ख) यस कार्यविधि अनुसारका कामकाजहरू गोप्य रूपमा गर्ने गरी तोकिएका व्यक्तिहरूको विवरण कतै लिखित रूपमा उल्लेख गरिनेछैन् । मौखिक रूपमा समेत समितिका पदाधिकारीहरूले बाहिर अन्यत्र बताउने छैनन् ।

**४४. शिक्षक तथा कर्मचारीहरुको पद रित्तरहने अवस्था :**

**क) प्रधानाध्यापक समक्ष राजिनामा दिएमा,**

**ख) मृत्यू भएमा,**

**ग) हिमाली गाउँपालिकाको शिक्षा ऐन वा नियमावलि विपरित काम गरेमा,**

# अनुसूचीहरू

## अनुसूची १
### दफा ४ को (ग) सँग सम्बन्धित
### विज्ञापनमा उल्लेख हुनु पर्ने कुराहरू

(क) हिमाली गाउपालिकावाट प्रकाशन गरिएको  अनुदान सहयोग शिक्षक सम्बन्धी विज्ञापनमा देहायका कुराहरू अनिवार्य खुलाईएको हुनु पर्नेछ ।

- विज्ञापन नम्बर,
- विज्ञापन प्रकाशित मिति,
- परीक्षाको किसिम,
- लिखित परीक्षा मिति वा सो को सूचना हुने अन्य व्यवस्था,
- परीक्षा केन्द वा सो को सूचना हुने अन्य व्यवस्था,
- परीक्षा दस्तुर,
- दरखास्त दिने स्थान,
- दरखास्त दिने मिति,
- दरखास्त फाराम पाईने स्थान,
- दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू,
- अन्तर्वार्ता परीक्षा मिति,

(ख) विज्ञापन सम्बन्धी अन्य व्यहोराहरू आवश्यकता अनुसार खुलाउन सकिनेछ ।

## अनुसूची २
### दफा ५ को (ख) सँग सम्बन्धित
### दरखास्त फाराममा उल्लेख हुनु पर्ने कुराहरू

(क) दरखास्त फाराममा देहायका कुराहरू अनिवार्य खुलाईएको हुनु पर्नेछ ।

१. विज्ञापन नं. २. पद ३. तह ४. श्रेणी
५. विषय (विज्ञापनमा उल्लेख गरिएको भए मात्र)
६. उम्मेदवारको पुरा नामथर (देवनागरी र अँग्रेजी दुवैमा)
७. स्थायी ठेगाना          ८. पत्राचार गर्ने ठेगाना
९. उम्मेदवारको बाबुआमा र बाजेको नामथर र नागरिकता
१०. उम्मेदवारको लिङ्ग   ११. उम्मेदवारको जन्म मिति
१२. उम्मेदवारले हासिल गरेको शैक्षिक योग्यता र कागजातको विवरण
१३. उम्मेदवारको दायाँबायाँ बुढिऔंलाको ल्याप्चे सहीछाप र दस्तखत

(ख) दरखास्त फाराममा अन्य व्यहोरा आवश्यकता अनुसार खुलाउन सकिनेछ ।

## अनुसूची ३
### दफा ६ को (ख) सँग सम्बन्धित
### शिक्षक तथा कर्मचारी छनौटमा सदस्य रहने विशेषज्ञहरू

| नामथर | कार्यरत विद्यालय वा कार्यालय | शैक्षिक योग्यता | विषय |
|---|---|---|---|
| | | | |

## अनुसूची ३क
### दफा ७ को (क) सँग सम्बन्धित
### दर्ता भएका दरखास्तको स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण

| क. सं. | दरखास्त दर्तावालाको नामथर | स्थायी ठेगाना | दरखास्त साथ संलग्न कागजातहरुको आधारमा चिन्ह लगाउने (कागजात संलग्न भएमा √ चिन्ह र नभएमा X चिन्ह लगाउने) | | | | दरखास्त फाराममा फोटो, ल्याप्चे दस्तखत आदि भए नभएको | दरखास्त साथ संलग्न जम्मा कागजात संख्या | दरखास्त स्वीकृत /अस्वीकृत | अस्वीकृत गर्नु पर्ने भए कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि | शिक्षाशास्त्र सहित न्युनतम शैक्षिक योग्यताको प्रतिलिपि | शिक्षाशास्त्र बाहेकको न्युनतम शैक्षिक योग्यता पश्चात शिक्षा विषयमा १० महिने तालिमको प्रतिलिपि | नेपाली नागरिकताको प्रतिलिपि | | | | |
| १ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ... | | | | | | | | | | |

पेश गर्ने : प्रमाणित गर्ने :

सदस्यसचिव

## अनुसूची ३ख
### दफा ८ को (ख) सँग सम्बन्धित
### उम्मेदवारको स्वीकृत नामावली प्रकाशनको सुचना

### विद्यालय अनुदान सहयोग दरवन्दीमा शिक्षक तथा कर्मचारी छनौट समिति
### हिमाली गाउपालिका ,बाजुरा

**प.सं. :** **मिति :**

**च.नं. :**

**विषय : स्वीकृत नामावली प्रकाशन गरिएको बारे ।**

**श्री सम्पूर्ण उम्मेदवारहरू**

उपरोक्त सम्बन्धमा श्री हिमाली गाउपालिका बाजुराको प्रा.बि.। निमावि । मावि तह । सहायक कर्मचारीको रिक्त **अनुदान सहयोग** दरबन्दीमा **शिक्षक । कर्मचारी** भर्नाका लागि मिति ..................माप्रकाशित विज्ञापन अनुसार दरखास्त फाराम बुझाएका तपशिलका उम्मेदवारहरूको नामावली लिखित परीक्षामा सहभागी हुन पाउने गरी स्वीकृत भएकाले प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

सदस्यसचिव अध्यक्ष

| क.सं. | नामथर | ठेगाना |
|---|---|---|
| ०१.. | | |

अनुसूची ४

दफा १३ को (ग) सँग सम्बन्धित

**बस्तुगत प्रश्नपत्रको नमूना**

**विद्यालय अनुदान सहयोग दरवन्दीमा शिक्षक तथा कर्मचारी छनौट समिति २०७५**

**हिमाली गाउपालिका ,बाजुरा**

**खण्ड (क) बहुबैकल्किपक प्रश्नहरूको उत्तरपुस्तिका**

उम्मेदवारको नाम :..................................... रोल नं................ दस्तखत :............

कोड नं....................

✂.............................................................................................................

**परीक्षा मिति : ......................** **कोड नं................. पूर्णाङ्क : ४०**

**खण्ड (क) बहुबैकल्पिक प्रश्नहरू**

**तल दिइएका प्रश्नहरूका चारवटा उत्तरहरू मध्ये सबैभन्दा ठीक उत्तरमा (✓) चिन्ह लगाउनुहोस् ।**

**१. हाल कक्षा ५ को नेपाली विषयको साप्ताहिक पाठ्यभार कति छ ?**

क) ८ ख) ६ ग) ५ घ) ७

२. ........................ **(क्रमश ३ देखि ४० नम्बरका प्रश्नहरू)**

**=समाप्त=**

**(सूचना : यस भन्दा तलका हरफहरूमा उम्मेदवारहरूले केही पनि नलेख्नुहोला ।)**

.............................................................................................................

जम्मा सही उत्तरहरूको संख्या (अंक र अक्षरमा) :...................................................

जम्मा गलत उत्तरहरूको संख्या (अंक र अक्षरमा) :...................................................

जम्मा छोडेको उत्तर संख्या (अंक र अक्षरमा) :.........................................................

कूल ४० पूर्णाङ्कमा प्राप्त गरेको प्राप्ताङ्क (अंक र अक्षरमा) :................................

**उत्तरपुस्तिका परीक्षण गर्नेको सही :................. उत्तरपुस्तिका रूजु गर्नेको सही :........**

अनुसूची ५
दफा १४ को (ङ) सँग सम्बन्धित

**विषयगत प्रश्नपत्रको नमूना**

शिक्षक छनौट समिति, २०७४

परीक्षा मिति २०७ पूर्णाङ्क : ६०

खण्ड (ख) विषयगत प्रश्नहरू

समूह (अ)

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (६ x १० = ६०)

१.............................................................................. .)

७. ..........................................................................................

३. ........................ (क्रमश: ६ नम्बरका प्रश्नहरू)

समूह (आ)

अनुसूची ६
दफा २२ को (क) सँग सम्बन्धित

**विषयगत परीक्षाको मूल उत्तरपुस्तिकाको आवरण पृष्ठ**

शिक्षक छनौट समिति, २०७४

कोड नं............. कोड नं.............

विषयगत प्रश्नको मूल उत्तरपुस्तिका

| प्रश्न | प्राप्ताङ्क |
|---|---|
| १ | |
| ७ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |
| ८ | |
| ९ | |
| १० | |
| ११ | |
| १७ | |
| कूल प्राप्ताङ्क | |
| कूल प्राप्ताङ्क अक्षरमा | |
| परीक्षकको सही | १. |
| | ७. |

केन्द्राध्यक्षको सही

उम्मेदवारको नाम :

रोल नं.

ठेगाना :

बाबुको नाम :

बाजेको नाम :

आमाको नाम :

परीक्षा मिति :

परीक्षा केन्द्र :

उम्मेदवारको सही :

नोट : यस पृष्ठको पछाडी तर्फ केही नलेख्नुहोला ।

**अनुसूची ६ क**
**दफा २२ को (घ) सँग सम्बन्धित**
**विषयगत परीक्षाको थप उत्तरपुस्तिकाको पहिलो पृष्ठ**

**थप उत्तरपुस्तिकाका संख्या : ............. केन्द्राध्यक्षको सही :...............**

---

**अनुसूची २**
**दफा २२ को (ख) सँग सम्बन्धित**
**बस्तुगत परीक्षाको उत्तरपुस्तिकाको आवरण पृष्ठ**

**अनुसूची ४** बमोजिम पहिलो पानालाई नै आवरण पृष्ठको रूपमा प्रयोग गरिनेछ ।

**अनुसूची ८**
**दफा ७६ को (छ) सँग सम्बन्धित**
**डिकोड फाराम**
**शिक्षक छनौट समिति, २०७४**

**विज्ञापन नं. : पद : तह : श्रेणी :**
**कूल उम्मेदवार संख्या : विज्ञापन गर्ने निकाय हिमाली गाउपालिका**
**परीक्षा केन्द्र ........ लिखित परीक्षा मिति :**

| क्र. सं. | उम्मेदवारको | | | बस्तुगत लिखित परीक्षाको उ.पु.को | | बस्तुगत लिखित परीक्षाको उ.पु.को | | जम्मा प्राप्तांक | बर्णानुक्रम |
|---|---|---|---|---|---|---|---|---|---|
| | नामथर | बाबुको नामथर | बाजेको नामथर | कोड नं. | प्राप्तांक | कोड नं. | प्राप्तांक | | |
| ०१ | | | | | | | | | |

**अनुसूची ९**

**दफा २२ को (क) सँग सम्बन्धित**

**लिखित परीक्षाको नतीजा प्रकाशन गरिएको सूचना**

**शिक्षक छनौट समिति, २०७४**

**मिति :**

**विषय : लिखित परीक्षाको नतीजा प्रकाशित गरिएको बारे ।**

श्री आधारभुत विद्यालय बाजुरा प्रावि। निमावि। मावि. शिक्षक ....... श्रेणी को रिक्त अनुदान सहयोग दरबन्दीमा शिक्षक नियुक्तिका लागि मिति मा गरिएको विज्ञापन अनुसार मागपद संख्या का लागि मिति गते सञ्चालन भएको खुला प्रतियोगितात्मक लिखित परीक्षामा सम्मिलित भएका जम्मा जना उम्मेदवारहरू मध्ये बर्णानुक्रमानुसार देहायका रोल नं. तथा नाम थरका उम्मेदवारहरू समितिद्वारा, अन्तर्वार्ताको लागि छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । छनौट भएका उम्मेदवारहरूले प्रमाण-पत्रको सक्कल लिई तोकिएको समय भन्दा **१५ मीनेट** अगावै उपस्थित हुनुपर्ने व्यहोरा पनि यसै सूचनाद्वारा अवगत गराइएको छ ।

सदस्य-सचिव

**तपसील** :

| **क्र.सं.** | **रोल नं.** | **नामथर** | **ठेगाना** | **अन्तर्वार्ता मिति र समय** |
|---|---|---|---|---|
| १ | | | | |
| ७ | | | | |
| ३ | | | | |

**अनुसूची १०**

**दफा ३१ सँग सम्बन्धित**

**अन्तर्वार्ता फाराम**

**शिक्षक छनौट समिति, २०७४**

| क्र. सं. | रोल नं. | नामथर | प्राप्ताङ्क | | | गाउँपालिकाकै भए (१०), छिमेकि गा.पा.को भए (८), जिल्ला बाहिरको भए (६) | जम्मा अंक (२५) |
|---|---|---|---|---|---|---|---|
| | | | सम्बन्धित विषयबस्तुको ज्ञान (५) | विषयबस्तुको प्रस्तुति शैली (५) | भाषिक शुद्धता, बोलीको प्रष्टता, अभिवादन र समापन शैली (५) | | |
| १ | | | | | | | |
| ... | | | | | | | |

अन्तर्वार्ता लिनेको सही :

मिति :

अन्तर्वार्ताकारको कोड नं. :

**ध्यानाकर्षण**

- यो फाराम अन्तर्वार्ताकारलाई दिनु पूर्व अध्यक्ष र सदस्यसचिवले दस्तखत गरेर मात्र दिनु पर्नेछ ।
- यो फाराममा टिपेक्सको प्रयोग गर्न पाईनेछैन् ।
- अन्तर्वार्ताकारले आफूले एकपटक दिएको अंकलाई सच्याउन नपाईने भएकाले अन्तर्वार्ता लिई सकेपछि यस फारममा उम्मेदवारले प्राप्त गरेको अंक उम्मेदवारलाई चिनिने संकेत नलेखेरै खेस्राकागजमा टिपेर जोड गरेर यकिन गरिसकेपछि मात्र यस फाराममा चढाउनु होला र त्यसरी गरेको खेस्रा तत्काल च्यातेर नचिनिने गरी फाल्नु पर्नेछ ।

**अनुसूची ११**

**दफा ३७ को (क) सँग सम्बन्धित**

## योग्यताक्रम सूची

**शिक्षक छनौट समिति, २०७५**

**विज्ञापन नं. :-** **पद :-** शिक्षक **तह :-** **श्रेणी :-**

लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छानिएका उम्मेदवार संख्या :-

परीक्षा केन्द्र :- लिखित परीक्षा मिति :- अन्तर्वार्ता परीक्षा मिति :-

| क. सं. | रोल नं. | उम्मेदवारको नामथर | लिखित परीक्षाको प्राप्तांक | अन्तर्वार्ता परीक्षाको प्राप्तांक | | | | | | | शैक्षिक योग्यताको अंक | लिखित, अन्तर्वाता र शैक्षिक योग्यताको दुवैको कूल प्राप्तांक | योग्यताक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | ७ | ३ | ४ | ५ | जम्मा | औषत अंक | | | |
| १ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| .. | | | | | | | | | | | | | |

**अनुसूची १२**

**दफा ३३ को (क) सँग सम्बन्धित**

## सिफारिस सूचनाको नमूना

**शिक्षक छनौट समिति, २०७४**

**मिति :**

**विषय : सिफारिस गरिएको बारे ।**

हिमाली गाउपालिका
शिक्षा शाखा, धुलाचौर, वाजुरा ।

श्री आधारभुत विद्यालय **बाजुरा** को रिक्त प्रावि तृतिय दरबन्दीमा शिक्षक नियुक्तिका लागि मिति मा प्रकाशित गरिएको विज्ञापन अनुसार प्रावि. तह **तृतिय** श्रेणीको **शिक्षक** पदको माग पदसंख्या **१ (एक)** का लागि मिति मा लिइएको अन्तर्वार्तामा उपस्थित उम्मेदवार संख्या को लिखित परीक्षा र अन्तर्वार्ता परीक्षाको प्राप्तांकबाट देहाय बमोजिम योग्यताक्रम कायम हुन आएकोले नियुक्तिको लागि सिफारिश गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सदस्य-सचिव अध्यक्ष

**सफल उम्मेदवार :**

| **क.सं.** | **रोल नं.** | **नामथर** | **ठेगाना** | **बाबुको नाम** | **बाजेको नाम** |
|---|---|---|---|---|---|
| | | | | | |

**बैकल्पिक :**

| **क.सं.** | **रोल नं.** | **नामथर** | **ठेगाना** | **बाबुको नाम** | **बाजेको नाम** |
|---|---|---|---|---|---|
| | | | | | |

**बोधार्थ :**

श्री (सफल उम्मेदवारको नामथर,
स्थायी ठेगाना) : नियुक्तिका लागि सम्बन्धित विद्यालयमा सम्पर्क राख्न जानु होला ।

**अनुसूची १३**
**दफा ३४ को (क) सँग सम्बन्धित**
**शिक्षक छनौट समिति, २०७५**

**फायल पञ्जिका**

| क.सं. | विवरण |
|---|---|
| ... | |

**अनुसूची १४**
**दफा ३८ सँग सम्बन्धित**
**शिक्षक छनौट समिति, २०७४**

**मिति :** .

**लिखित परीक्षामा सहभागी उम्मेदवारहरूको हाजिरी विवरण**

| क.सं. | रोल नं. | नामथर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| .. | | | | |

**प्रमाणित गर्नेको सही :**
नाम :................
पद : केन्द्राध्यक्ष
मिति :.................

**अनुसूची १५**
**दफा ३८ सँग सम्बन्धित**
**शिक्षक छनौट समिति, २०७५**

**मिति :** ........................

**अन्तर्वाता परीक्षामा सहभागी उम्मेदवारहरूको हाजिरी विवरण**

| क.सं. | रोल नं. | नामथर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| .. | | | | |

**प्रमाणित गर्नेको सही :**
नाम :................
पद : अध्यक्ष
मिति :.................